सरुमारानी गाउँपालिका

# मासिक ई-बुलेटीन

अंक २५ संवत २०८२ साल श्रावण ०१ गते https://sarumaranimun.gov.np

## गाउँपालिकाको दोस्रो गाउँसभाको १७औं अधिवेशन सम्पन्न




सरूमारानी गाउँपालिकाको आ.व. ०८२/०८३ को वार्षिक नीति तथा कार्यक्रम मिति २०८२।०३।०८ गते प्रस्तुत भएको थियो । सरूमारानी गाउँपालिकाका अध्यक्ष श्री झग बहादुर विश्वकर्मा ज्यूको सभा अध्यक्षतामा र सभा सदस्यहरूको उपस्थितिमा सरूमारानी गाउँपालिकाको दोस्रो गाउँ सभाको १७औं अधिवेशन बहुउद्देश्यीय सभाहल बड्डाँडामा २०८२।०३।०८ गते देखि प्रारम्भ भई २०८२।०३।१० गते सम्मपन्न भएको थियो । दोस्रो गाउँसभामा १७ औं अधिवेशनमा पहिलो बैठकमा वार्षिक नीति तथा कार्यक्रम गाउँपालिका अध्यक्ष श्री झग बहादुर विश्वकर्मा ज्यूले प्रस्तुत गर्नु भएको थियो। साथै गाउँ सभाको पहिलो बैठकको कार्यसुचि तपसिल अनुसार रहेका थिए । उक्त कार्य सुची बमोजिमका प्रस्तावहरू पेश गरि छलफल पश्चात सर्बसम्मत रूपमा पारित भएको थियो ।

- अध्यक्षले सत्रौ गाउँसभाको अधिवेशन आव्हान गरेको पत्रको व्यहोरा वाचन
- अधिवेसन सफलताको शुभकामना ।
- वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत ।
- अनुगमन समिति र न्यायिक समितिको वार्षिक प्रतिवेदन पेस ।
- लेखा समितिको वार्षिक प्रतिवेदन प्रस्तुत ।
- योजना तथा शुसासन समितिको वार्षिक प्रतिवेदन ।
- विधायन समितिको वार्षिक प्रतिवेदन प्रस्तुत ।
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व विधेयक २०८२ पेश भएको थियो

भने दोस्रो बैठक मिति २०८२ असार १० गते बिहान १०:३० बजे बहुउद्देश्यीय सभाहलमा बस्ने गरि स्थगित भएको थियो।



र मिति २०८२।०३।१० गतेको दिन सरुमारानी गाउँपालिकाले आगामी आर्थिक वर्ष २०८२/ ०८३ का लागि ४९ करोड २१ लाख ७९ हजार रुपैयाँ बराबरको बजेट प्रस्तुत गरेको थियो। मंगलबार बसेको गाउँपालिकाको दोस्रो गाउँसभाको १७ औं अधिवेशनको दोस्रो बैठकमा पालिकाका उपाध्यक्ष बसन्ता खड्का ज्यूले उक्त आकारको बजेट प्रस्तुत गर्नु भई सो बजेट सर्वसम्मत पारित भएको थियो।





# राष्ट्रिय धान दिवस सम्पन्न




सरुमारानीमा राष्ट्रिय धान दिवस तथा रोपाइँ महोत्सव सम्पन्न गरेको छ । प्यूठान जिल्ला एकीकृत कृषि तथा पशुपन्छी विकास कार्यालयका कार्यालय प्रमुख विनोद शर्मा, सरुमारानी गाउँपालिकाका उपाध्यक्ष श्री बसन्ता खड्का ज्यूको प्रमुख आतिथ्यतामा गाउँपालिकाले २२औं राष्ट्रिय धान दिवस तथा रोपाइँ महोत्सव मिति २०८२।०३।१५ गते आइतबार उत्साहपूर्वक सम्पन्न गरेको छ।"धान बालीमा सघनता : खाद्य सुरक्षा र आत्मनिर्भरता" भन्ने मूल नाराका साथ उक्त महोत्सव श्री सरस्वती माध्यमिक विद्यालय फोर्सावाङ वडा नं. १ मा रहेको करिब ४ रोपनी खेतमा धान रोपेर मनाइएको हो।सरुमारानी गाउँपालिकाले प्रत्येक वर्ष कृषकहरूको खेतमै पुगेर यस दिवसलाई उत्सवका रूपमा मनाउँदै आएको छ।





# प्रारम्भिक गोष्ठी कार्यक्रम सम्पन्न

जनताको लागि उर्जा तथा वातावरण विकास मञ्च (PEEDA) को आयोजनामा सरूमारानी गाउँपालिकाका अध्यक्ष श्री झग बहादुर विश्वकर्माको अध्यक्षतामा ,उपाध्यक्ष बसन्ता खडका,प्रमुख प्रशासकीय अधिकृत त्रिबिक्रम खडका,वडा अध्यहरू, कार्यपालिका सदस्यहरू,शाखा प्रमुखहरू,सव डिभिजन वन कार्यालय बाङ्गेसालका वन अधिकृत रामध्यान शाह,तथा अन्य सरकारी तथा गैर सरकारी संस्थाका प्रतिनिधीहरूको उपस्थितिमा "प्युठान जिल्लामा जलवायु कार्यहरूको स्थानीयकरण कार्यक्रम परियोजनाको प्रारम्भिक कार्यशाला गोष्ठी "गाउँपालिकाको बहुउद्देश्यीय सभाहल बड्डाँडामा मिति २०८२।०३।१६ गते सम्पन्न भएको छ ।




उक्त कार्यक्रम जनताको लागि उर्जा तथा वातावरण विकास संस्था (PEEDA) का प्रमुख कार्यकारी अधिकृत विराज गौतमले स्वागत सहित संस्थाको परिचय र जलवायु परिवर्तनको परिदृष्यको बारेमा प्रकाश पार्नु भयो भने प्युठान जिल्लामा जलवायु कार्यको स्थानीयकरण परियोजना कसरी संचालन हुन्छ भन्ने बारेमा PEEDA का कार्यक्रम व्यवस्थापक शंकर कुमार भट्टले सहजिकरण गर्नु भयो । सो कार्यक्रम PEEDA का फिल्ड संयोजक मोहन सुवेदीले संचालन गर्नु भएको थियो ।



# समिक्षा कार्यक्रम सम्पन्न



सरुमारानी गाउँपालिकाको आयोजनामा आ.व. २०८१/८२ साउन देखि २०८२ वैशाख महिना सम्मको क्षयरोग कार्यक्रमको समिक्षा कार्यक्रम सरुमारानी गाउँपालिकाको बहुउद्देश्यीय सभाहलमा सम्पन्न भएको छ । सरुमारानी गाउँपालिका सामाजिक विकास समिति संयोजक श्री भिम बहादुर मर्साङ्गीको अध्यक्षताम सम्पन्न कार्यक्रमको प्रमुख अतिथि गाउँपालिका अध्यक्ष श्री झग बहादुर विश्वकर्मा, विशिष्ट अतिथि गाउँपालिका उपाध्यक्ष श्री बसन्ता खड्का एवं प्रमुख प्रशासकीय अधिकृत त्रिविक्रम खड्का, स्वास्थ्य कार्यालय प्युठानका कोल्डचेन निरीक्षक श्री कोशलराज वैद्यको समुपस्थिति रहेको कार्यक्रमको स्वागत मन्तव्य सहित समिक्षाको उद्देश्य सम्बन्धमा स्वास्थ्य शाखा प्रमुख टेकेन्द्र रायमाझीले आफ्नो भनाई राख्नु भएको थियो साथै क्षयरोग मुक्त अभियान अन्तर्गत कार्यक्रम संयोजक श्री सपना देवकोटा र सम्पुर्ण स्वास्थ्य संस्था प्रमुखहरुले सम्बन्धित संस्थाको र स्वास्थ्य स्वास्थ्य शाखा प्रमुख श्री टेकेन्द्र रायमाझीले समग्र पालिकाको क्षयरोग कार्यक्रम सम्बन्धी प्रस्तुतिकरण प्रस्तुत गरिएको कार्यक्रममा गाउँपालिका अध्यक्ष श्री झग बहादुर विश्वकर्माले क्षयरोग नियन्त्रण एवं क्षयरोग मुक्त पालिका अभियान लगायत समग्र स्वास्थ्य क्षेत्रको प्रगतिमा सुधारका लागि सम्पुर्ण स्वास्थ्य संस्था र स्वास्थ्यकर्मीको महत्त्वपूर्ण भुमिका रहने साथै सो को लागि गाउँपालिका र जनप्रतिनिधिहरूको निरन्तर पहलकदमी रहने भनाइ राख्नु भएको थियो ! उक्त समिक्षा कार्यक्रममा सबै वडा अध्यक्ष, स्वास्थ्य संस्था प्रमुख एवं कार्यक्रम सम्पर्क स्वास्थ्यकर्मी, प्रयोगशालाकर्मी लगायतको सहभागिता रहेको थियो ।



# अभिमुखिकरण कार्यक्रम सम्पन्न

सरूमारानीमा सडक हेरालु/ सडक मर्मत कार्यकर्तालाई अभिमुखीकरण कार्यक्रम मिति २०८२।०३।१९ गते सम्पन्न भएको छ ।सरूमारानी गाउँपालिको आयोजनामा सरूमारानी गाउँपालिकाका अध्यक्ष श्री झग बहादुर विश्वकर्माको अध्यक्षतामा ,उपाध्यक्ष बसन्ता खडका,प्रमुख प्रशासकीय अधिकृत त्रिबिक्रम खडका,प्रवक्ता चिन्त सोमै मगरको आतिथ्यतामा, गाउँपालिकाका ईन्जिनियर ,वडा सचिव तथा वडा प्राविधिकहरू र सडक हेरालुहरूको उपस्थितिमा "सडक हेरालु/ सडक मर्मत कार्यकर्ताहरू लागि १ दिने अभिमुखीकरण" कार्यक्रम सम्पन्न भएको छ । सडक हेरालु/ सडक मर्मत कार्यकर्ता व्यवस्थापन तथा संचालन निर्देशिका २०८२ बमोजिम ३ (बर्षातको समय भरि) महिनाको लागि १४ जना हेरालु नियुक्ति गरिएको छ ।

उक्त कार्यक्रमको संचालन प्रशासन शाखा प्रमुख लक्ष्मण आचार्यले गर्नु भएको थियो भने सहजीकरण ईन्जिनियर शुभाष गौतमले गर्नु भयो । वडा नं.१,२,३ र ४ मा २/२ जनाको दरले र वडा नं.५ र ६ मा ३/३ जनाको दरले हेरालु राखिएको छ ।






## दलित सशक्तिकरण सम्बन्धी अभिमुखिकरण कार्यक्रम सम्पन्न

सरूमारानी गाउँपालिको आयोजनामा सरूमारानी गाउँपालिकाका अध्यक्ष श्री झग बहादुर विश्वकर्माको अध्यक्षतामा , राष्ट्रिय दलित आयोगका अध्यक्ष तथा माननीय देवराज विश्वकर्माको प्रमुख आतिथ्यतामा, उपाध्यक्ष बसन्ता खडका,प्रमुख प्रशासकीय अधिकृत त्रिबिक्रम खडकाको विशेष आतिथ्यतामा,वडा अध्यक्ष तथा कार्यपालिका सदस्यहरू,नेपाल राष्ट्रिय दलित संघका केन्द्रीय सदस्य गोपाल विश्वकर्मा ,दलित मुक्ति मोर्चाका प्युठान जिल्ला संयोजक केशव विश्वकर्मा ,घोराही उप-महानगरपालिकाका कार्यपालिका सदस्य मान बहादुर विश्वकर्मा , सरकारी तथा गैर सरकारी संघ संस्थाका प्रतिनिधीहरूको आतिथ्यतामा, दलित समुदायका अगुवा तथा जेहेन्दार वालवालिकाहरूको सहभागीतामा "दलित सशक्तीकरण सम्वन्धी १ दिने अभिमुखीकरण तथा जेहेन्दार विद्यार्थीलाई पुरूस्कार वितरण कार्यक्रम"बहुउद्देश्यीय सभाहल बड्डाँडामा मिति २०८२।०३।२० गते सम्पन्न भएको छ।




अधिवक्ता ओम प्रकास सुनार ,कानुन अनुसन्धान कर्ता सुरेश सुनारले दलित सशक्तीकरण सम्वन्धी अभिमुखीकरण कार्यक्रमको सहजिकरण गर्नु भएको थियो। सो कार्यक्रममा सरूमारानी गाउँपालिकाका १९ जना दलित विपन्न जेहेन्दार विद्यार्थीहरूले प्रशंसा पत्र र नगद प्राप्त गरेका छन।

उक्त कार्यक्रममा कार्यपालिका सदस्य पुर्ख सिं सुनारले शव्द द्वारा स्वागत गर्नु भयो भने सीता विश्वकर्माले कार्यक्रम संचालन गर्नु भएको थियो।




बितरण कार्यक्रम
realme 10 Pro+ 5G
2025.07.04 12:27


realme 10 Pro+ 5G
2025.07.04 14:35


realme 10 Pro+ 5G
2025.07.04 14:08


realme 10 Pro+ 5G
2025.07.04 13:04

# विदाई तथा फेरी भेटौला कार्यक्रम सम्पन्न

सरूमारानी गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत त्रिबिक्रम खडका ज्यूको अध्यक्षतामा विदाई तथा फेरि भेटौला कार्यक्रम सम्पन्न भएको छ । सरुमारानी गाउँपालिका वडा नं २ बाट सरुवा भई दंगिशरण गाउँपालिकामा जान लाग्नु भएका  वडा सचिव जीवन डि.सि तथा शान्तिनगर गाउँपालिका दाङमा जान लाग्नु भएका सरुमारानी गाउँपालिका वडा नं १ मा असिष्टेन्ट सब ईन्जिनियरिङ पदमा कार्यरत विमला डि.सी को एक कार्यक्रम बिच गाउँपालिकाले विदाई गरेको छ । गाउँपालिकाका शाखा प्रमुखहरू र अन्य कर्मचारीहरूको उपस्थितिमा विदाई तथा फेरि भेटौला कार्यक्रम सरूमारानी गाउँपालिकाको बैठक हलमा सम्पन्न भएको हो । उहाँहरुको आगामी जीवन र संस्थागत सेवा अझ थप प्रभावकारी र सफल रहोस भन्दै गाउँपालिकाले जीवन र संस्थागत सेवा अझ थप प्रभावकारी र सफल रहोस भन्दै गाउँपालिका शुभकामना व्यक्त गर्दछ ।





# आ.व.२०८१।०८२ को वित्तिय प्रगति सार्वजनिक सम्बन्धमा।

सरुमारानी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
बड्डाँडा, प्यूठान
लुम्बिनी प्रदेश, नेपाल

प.स:२०८१/०८२
च.नं:

मितिः२०८२।०३।२५

**विषयः आ.व. २०८१।०८२ को खाता बन्द तथा वित्तीय प्रगति सार्वजनिक गरिएको सूचना ।।**

चालु आर्थिक वर्ष २०८१।०८२ को सम्पूर्ण खर्च तथा भुक्तानी सम्बन्धी लेखाङ्कन कार्य आज मिति २०८१ साल अषाढ २५ गते दिनको ३:०० बजे देखि बन्द गरिएको र चालू आर्थिक वर्षको वित्तीय प्रगति देहायबमोजिम रहेको व्यहोरा सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना सार्वजनिक गरिएको छ ।

| आम्दानी र खर्चको विवरण | | | | | |
|---|---|---|---|---|---|
| क.सं | विनियोजित बजेट | निकासा बजेट | खर्च बजेट | कुल बजेटमा खर्च(%) | कुल आयमा खर्च(%) |
| चालु | ३१,६९,६८,०४४ | २९,७९,०७,८३२ | २८,१३,७७,५७५ | ८८.७७% | ९४.४५ |
| पूजिगत | ९,२८,३९,७८४ | ८,७२,८४,६०६.८६ | ७,०७,५२,९२० | ७६.२०% | ८१.०६ |
| कुल जम्मा | ४०,९८,०७,८२८ | ३८,५१,९२,४३९.८१ | ३५,२१,३०,४९६.६८ | ८५.९२% | ९१.४३% |

.......................
(टोप बहादुर शाही)
लेखा अधिकृत

टोप बहादुर शाही
आर्थिक प्रशासन शाखा प्रमुख

२०८२।३।२५
.......................
(त्रिविक्रम खड्का)
प्रमुख प्रशासकीय अधिकृत

त्रिविक्रम खड्का
प्रमुख प्रशासकीय अधिकृत

सम्पर्क ठेगानाः सरुमारानी गाउँ कार्यपालिकाको कार्यालय बड्डाँडा-०४, प्यूठान ,लुम्बिनी प्रदेश नेपाल
कार्यालयको फोन नं ९८५७८३६०२२ .Website:www.sarumaranimun.gov.np
Email sarumarani2073@gmail.com

सम्पर्क नं:

अध्यक्षः झग बहादुर विश्वकर्मा (९८४७९६१३५९)

उपाध्यक्षः बसन्ता खड्का (९८४४९१८५८४)

प्रमुख प्रशासकीय अधिकृतः त्रिविक्रम खड्का (९८५७८३६०२२)

सूचना अधिकारी:शिव राज न्यौपाने (९८५७८६८०२७)

## प्रकाशकः

## सरुमारानी गाउँपालिका
## गाउँकार्यपालिकाको कार्यालय
## बङ्गाँडा,प्यूठान ।

**facebook: https://www.facebook.com/SarumaraniGapa**
**website:sarumaranimun.gov.np**
**email:sarumarani2073@gmail.com**
**phone no:9857836022**